साँगुरीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## भेडेटार, धनकुटा

१ नं. प्रदेश, नेपाल

### जस्तापाता खरिद तथा आपूर्ति गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०९/१७

यस कार्यालयबाट प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र रु. १,००० (फिर्ता नहुने गरि) तिरी यस गाउँपालिकामा जम्मा गरेको भौचर सहित निबेदन साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७५/०७६ को नवीकरण गरिएको कम्पनी वा फर्म दर्ता, ०७४।७५ को करचुक्ता, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्रहरु, कालोसूची नपरेको, कानूनबाट कुनै अयोग्य नभएको लिखित घोषणा पत्र र अन्य आवश्यक कागजातहरु सहित इजाजत प्राप्त फर्म तथा कम्पनीहरुले दरभाउपत्र साथ संलग्न गरि निबेदन पेश गर्नुपर्नेछ।

१. दरभाउपत्र खरिद गर्न आउदा निवेदन साथ आवश्यक प्रमाणित कागजातहरु संलग्न गर्नुपर्ने छ। सूचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय सम्म दरभाउपत्र फारम बिक्रि हुनेछ। १६ औ दिनको १२:०० बजे भित्र बिक्रि भएका दरभाउपत्रहरु यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता हुन आएको दरभाउपत्रहरु सोहि दिन २:०० बजे खोलिने छ । सो दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको २.५% ले हुन आउने रकम यस कार्यालयको नाममा खोलिएको नेपाल बंगलादेश बैंक, भेडेटार शाखामा रहेको धरौटी खाता न. ९५९०१००२२१ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणीज्य बैंक ले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको जमानत (बीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

२. दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नुपर्नेछ । दस्तखत तथा कार्यालयको छाप नभएको दरभाउपत्रको मान्यता हुने छैन। प्रतिनिधिले दरभाउपत्र खरिद गर्न आउदा अनिवार्य रुपमा मन्जुरीनामा पत्र लिएर आउनुपर्नेछ|

३. शिलबन्दी बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ।

४. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रस्ट रुपमा लेखिएको हुनु पर्नेछ | अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनछ। केरमेट गरेको ठाउमा दस्तखत र छाप हुनु पर्नेछ । दरभाउपत्रदाताले संलग्न परिमाण मूल्यपत्रमा उल्लेखित प्रत्येक महलमा भर्नुपर्ने स्थानमा स्पष्ट रुपमा भर्नुपर्नेछ।

५. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछी सम्झौता गर्न आउदा कबोल अंकको थप २.५% ले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा नगदी माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्रदाताले कबेल गरेका दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन।

७. जस्तापाता ढुवानी तथा अन्य करहरु दरभाउपत्रवाला स्वयम्ले व्यहोर्नु पर्नेछ ।

८. यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमवाली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ|

९. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ|

१०. थप अन्य कुराहरु बुझ्नु परेमा कार्यालयको वेभ पेज www.sangurigadhimun.gov.np मा हेर्न र ०२५४०००५८ मा सम्पर्क गर्न सकिनेछ ।

११. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनुपर्नेछ । शिलबन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

१२. शिलबन्दी दरभाउपत्र सम्बन्धी कामको विस्तृत विवरण

| सूचना नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेसि बाहेक) | धरौटी रकम | फारम दस्तुर फिर्ता नहुने गरि |
|---|---|---|---|---|
| ०९/२०७५-७६ | **supply of Plain CGI Sheet heavy 26 g 0.41 mm and 65 kg (9'×2.6")** | ५२९३३८।४६ | कबोल अंकको २.५% | रु. १,०००/- |

प्रमुख प्रशासकीय अधिकृत